**नगर कार्यपालिकाको पहिलो (२०७९।०२।१८) बैठकका निर्णय :**

१. यस नगरपालिका भित्रका सवै सामुदायिका विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि, एवं सुदृढीकरण गर्न चालु शक्षिक सत्र २०७९ मा कक्षा एकदेखि क्रमसः अंग्रजी माध्यमबाट शिक्षण शिकाई गर्ने गराउने र यस वर्ष कक्षा १ मा नेपाली र मेरो सेरोफेरो विषय वाहेक गणित लगायत अन्य विषयका अंग्रेजी माध्यमका पाठ्यपुस्स्तक खरिद गर्न र आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था मिलाउन नगर शिक्षा शाखामार्फत सम्पुर्ण विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. चालु आ.व. २०७८/७९ मा यस नगरपालिकाबाट एम्वुलेन्स सेवा प्रदान गरिने भएको हुदा वडा नं १ देखि ११ भित्रका सवै गर्भवति तथा सुत्केरी महिलाहरुलाई स्वास्थ्य सँस्थामा चेकजाँचका लागि आवत जावत गर्न  विरामीको साथमा रहने थप २ जना सम्मलाई  निशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने र अन्यको हकमा तोकीए अनुसारको भाडा लिइ  सेवा प्रदान गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकालाई २०७९ सालमा पूर्णरुपमा वालविवहा मुक्त नगरपालिका घोषणा गर्ने र सोका लागि पूर्वतयारी गर्न महिला तथा वालवालिका शाखालाई जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।